नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०**
सानोठिमी, भक्तपुर

पत्र संख्याः २०८०/८१
च.नं. :

मितिः२०८१/०२/२३
ने.स.११४४,वछलागा,१३ बुधबार

विषयः उमेर,नाम र जात सच्याउने सम्बन्धी सूचना।

प्रस्तुत सम्बन्धमा उमेर, नाम र जात सच्याउने नियमावली २०१७ (तेस्रो संशोधन सहित) को नियम ६ को उपनियम (२) मा भएको व्यवस्था कार्यान्वयन हुने/नहुने सम्बन्धमा यस कार्यालयबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा निर्देशन माग भएकोमा मन्त्रालयको च.नं. ४६७, मिति २०८१/०२/०७ को पत्रानुसार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको राय सहित उक्त उपनियम (२) मा भएको व्यवस्था हाल कार्यान्वयन हुन नसक्ने व्यहोराको पत्र प्राप्त भएकाले उमेर, नाम र जात सच्याउने नियमावली २०१७ (तेस्रो संशोधन सहित) को नियम ६ को उपनियम (१) मा उल्लिखित समयावधि "प्रमाणपत्र पाएको मितिले पाँच वर्ष भित्र" मात्र नाम, थर र जन्ममिति संशोधन हुने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

साथै उक्त उमेर, नाम र जात सच्याउने नियमावली २०१७ को तेस्रो संशोधनले थप गरेको नियम ६ को उपनियम (३) बमोजिम यो उपनियम प्रारम्भ हुनु अघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर संशोधन गराएकोमा सो बमोजिम एस.एल.सी., एस.इ.इ. वा कक्षा बाह्रको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर सच्याउन एक पटकका लागि उपनियम प्रारम्भ भएको एक बर्ष (मिति २०८१/०५/१७ सम्म) दरखास्त दिनुहुन जानकारी गराइन्छ।

.................................
नन्दलाल पौडेल
नियन्त्रक